हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

प.स. २०८२/०८३
च.नं.

मिति २०८३।१।२५

विषय:गरिव तथा जेहेन्दार छात्रवृत्ति सम्बन्धमा।

सूचना ! सूचना ! ! सूचना! ! !

यस हरिगनर गा.पा.ले छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अनुसार यस हरिनगर गाउँपालिकाको शैक्षिक छात्रवृत्ति वितरण तथा व्यवस्थापन समितिको मिति २०८३-०१-२४ गतेको निर्णयानुसार हरिनगर गा.पा. भित्र हाल स्थायी बसोबास भएका र हाल कुनै पनि शैक्षिक संस्थामा SEE भन्दा माथि अध्ययन गरिरहेका बिपन्न,दलित,जनजाति,अल्पसङ्ख्यक,जेहेन्दार,द्वन्द्व पिडित,अपाङ्ग छात्रहरुले तपसिल बमोजिमको कागजात सहित छात्रवृत्ति लिन इच्छुक छात्राहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा माग निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१.अनुसूचि १ बमोजिमको निवेदन ।

२.हरिनगरा गा.पा. भित्र स्थायी बसोबास गरिरहेको व्यहोरा खुल्ने कागजात राष्ट्रिय परिचय पत्र, नागरिकता,जन्मदर्ता,मध्ये कुनै एक कागजात।

३.अधिल्लो कक्षा /तह पूरा गरेको मार्कसिट वा दोस्रो ,तेस्रो र चौथो वर्षमा अध्ययनरत छात्रले वार्षिक परीक्षामा सामेल भएको प्रवेश पत्रको प्रमाणित प्रतिलिपी १ थान।

४.सम्बन्धित वडा कार्यालयबाट बिपन्न,दलित,जनजाति,अल्पसङ्ख्यक सिफारिस पत्र।

५.द्वन्द्व पिडित भए सम्बन्धित निकायबाट प्रमाणित कागजात र अपाङ्ग भए अपाङ्ग प्रमाण पत्र।

५.अध्ययनर छात्राको अभिभावकको नागरिकताको प्रतिलिपी।

६.अध्ययनरत कलेजबाट हाल निरन्तर अध्ययन गरिरहेको र अन्य कुनै प्रकारको छात्रवृत्ति उपलब्ध नभएको साथै कलेजको वार्षिक शुल्क के कति हो खुलाएको सिफारिस पत्र १ थान।

७.विद्यार्थीको नामका भएको बैंक खाता नं. र चेकको फटोकपी १ थान।

.........................
रोहिणी आचार्य

Email id.: haringargapa@gmail.com, ito.harinagaramun@gmail.com, website: www.harinagarmun.gov.np